प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

---

पत्र संख्याः ०७९।०८०
सुचना नं. : ०३

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७९।०८/०१

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र ( मिति २०७९/०९/ ०१ गते सम्म ) यस कार्यालय समयमा तपशिलको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट **www.banke.vethos.gov.np** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

कमला अधिकारी
प्रमुख
वरिष्ठ मत्स्य विकास अधिकृत

तपसिल

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान ( उत्पादन प्रबर्दन कार्यक्रम सहुलियत)

| बाली बस्तुको विवरण | | उत्पादन पर्वद्धन दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन रकम रु. | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम |
|---|---|---|---|---|---|---|
| १. | दुध उत्पादन | १.गत आ.व को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोबारको अभिलेख पेश गर्नु पर्ने ।<br>२. समुह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उधमीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने।<br>३.समुह वा सहकारी वा कम्पनि वा निजी डेरी वा निजी उधमीले संस्थागत निजी डेरी वा निजी उधमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने ।<br>४.दुधको उत्पादन रेकर्ड वडा/स्थानिय तह /जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकको कार्यलयले गरेको हुनु पर्ने ।<br>५. पशु विमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिइने<br>६.प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानिय तहबाट तयार भएको हुनुपर्ने।<br>७.प्रति समुह/सहकारी कम्पनीले तराईमा मासिक औषत कम्तिमा ७००० लिटर र पहाडमा मासिक औषत कम्तिमा ३००० लिटर उत्पादन तथा विक्री गरेको हुन पर्नेछ ।<br>८. निजी फर्म वा कम्पनि वा निजी डेरी वा निजी उधमीको हकमा तराइमा मासिक औषत कम्तीमा २५०० लि. र पहाडमा मासिक औषत कमतिमा १५०० लि. उत्पादन तथा बिक्रि गरेको हुनु पर्नेछ। | १.आवेदकको नागरिकताको प्रतिलिपि<br>२ सहकारी वा कम्पनीको संस्थागत अभिलेख<br>३. जिल्ला स्थित विषयगत कार्यालय वा सम्वन्धित स्थानिय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन<br>४.सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण<br>५. कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख<br>६.स्थायी लेखा नं. करचुक्ता कागजात।<br>७.दुधको कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन र<br>८. आवेदकको बैक खाता नं. | बढीमा प्रति लिटर रु २ (कृषकलाई बैक मार्फत भुक्तानी हुने) | बँकि जिल्ला भरी | प्राइभेट डेरी/उधमी/कम्पनी/ सहकारी |

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

संलग्न गर्नु पर्ने कागजातहरु:

१. निवेदन (अनुसुची ३४ बमोजिम)

२. दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।

३. स्थायी लेखा नम्बर प्रमाण - पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।

५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसुचि ३७ बमोजिम) ।

६. सम्बन्धित स्थानीय तह ।

७. समुह/समिति/सहकारी/कम्पनीको हकमा संस्थाको निर्णयको प्रतिलिपि तथा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन ।

८. प्रस्तावकको नागरिकताको प्रतिलिपि ।

९. दोहोरो अनुदान नलिएको स्व:घोषणा पत्र (अनुसुचि - ४१)

१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा डिजाइन/जग्गा प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा वडा कार्यालयबाट प्रमाणित करारनामा ।

११. रु. १० को टिकट टाँस गरी खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

नोट: सूचनामा छुट हुन गएका बुँदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ मा भएको व्यवस्था बमोजिम गरिने छ ।

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत